# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १० अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता बनर्जीले राज्य सरकारले जय जौहार योजना अन्तर्गत तीन लाखभन्दा बढी आदिवासीहरूलाई प्रत्येक महिना एक हजार रुपियाँ पेन्सन दिने घोषणा गर्नु भएको छ।
- सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले तीनै सेना प्रमुखहरूलाई अपरेशन सिन्दूरको दिशा निर्णय गर्न पूर्ण स्वतन्त्रता दिइएको बताउनु भयो।
- मिरिकमा आज भारतीय गोर्खा परिसंघ अनि भारतीय गोर्खा जन आवाजको सन्युक्त आयोजनामा भूमि, जनगणना अनि बिशेष गहन पुनरीक्षण (एसआईआर) माथी जागरुकता कार्यक्रम सम्पन्न भयो।
- खरसाङको गोर्खा जन पुस्तकालयमा आज धार्मिक अल्पसङख्यकहरूको सोसाइटीको एक सभा आयोजन गरियो।
- अलीपुर मौसम विभागले आगामी केही दिनमा उत्तर बंगालका दार्जिलिङ, कालिम्पोङ, अलीपुरद्वारए कूचबिहारए जलपाइगुडी तथा उत्तर दिनाजपुरमा भारीदेखि धेरै भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

**जय जोहर योजना ममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले विश्व आदिवासी दिवसको अवसरमा राज्य सरकारले जय जौहार योजना अन्तर्गत तीन लाखभन्दा बढी आदिवासीहरूलाई प्रत्येक महिना एक हजार रुपैयाँ पेन्सन दिने घोषणा गर्नु भएको छ। आज सामाजिक सञ्जाल प्लेटफर्म एक्स–मा यो जानकारी साझा गर्दै उहाँले आदिवासी समुदायलाई शुभकामना दिनुभयो अनि विगत १४ वर्षमा राज्य सरकारले गरेको विकास कार्यको उल्लेख गर्नुभयो।मुख्यमन्त्रीले भन्नुभयो सरकारले छुट्टै आदिवासी विकास विभाग गठन गरेको छ र सन्थाली, कुरुख, कुडमाली, नेपाली, हिन्दी, उर्दू, राजवंशी, कामतापुरी, उडिया, पञ्जाबी र तेलुगु भाषाहरूलाई आधिकारिक भाषाको दर्जा दिएको छ। यसका साथै सदरी भाषाको उत्थानको लागि पनि प्रयास भइरहेको छ। उहाँले भन्नुभयो हालै सरना/सारी धर्मको मान्यताका लागि विधानसभामा विधेयक पारित भएको छ र यस सम्बन्धमा केन्द्र सरकारलाई पत्र पठाइएको छ। आदिवासी भूमिको संरक्षणका लागि नयाँ कानूनहरू लागू गरिएको छए जसअन्तर्गत हालसम्म लगभग १९.५ लाख एसटी प्रमाणपत्र जारी गरिएको छ। विभागको बजेट २०११ को तुलनामा सात गुणा अधिक वृद्धि गरिएको छ। मुख्यमन्त्रीले थप जानकारी दिँदै वन अधिकार अधिनियम अन्तर्गत ४९ हजार आदिवासीहरूलाई व्यक्तिगत वन पट्टा र ८५१ सामुदायिक वन पट्टा प्रदान गरिएको छ। लगभग ३६ हजार गरिब आदिवासी केन्दुपत्ता सङ्कलकहरूका लागि विशेष सामाजिक सुरक्षा योजना सुरु गरिएको छ। यसबाहेक आठ विकास बोर्ड र एक सन्थाली एकेडेमी स्थापना गरिएको छ। ज्ञात रहोस्, सरकारले आदिवासी समुदायका प्रमुख पर्वहरू - भगवान बिरसा मुण्डा र पण्डित रघुनाथ मुर्मु जयन्तीए हुल दिवस र करम पूजा - मा राज्य बिदा पनि घोषणा गरेको छ।

**सेना प्रमुख**

सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले अपरेशन सिन्दूरलाई रणनीतिक रूपमा महत्त्वपूर्ण अपरेशनको रूपमा वर्णन गर्नु भएको छ। उहाँले यो अपरेशनमा सैन्य सटीकता तथा राजनीतिक स्पष्टताको समन्वय रहेको बताउनु भयो। आईआईटी मद्रासमा विद्यार्थी अनि शिक्षकहरूलाई सम्बोधन गर्नु हुँदै उहाँले २२ अप्रिलमा पहलगाममा पाकिस्तानमा आधारित आतंकवादीहरूले गरेको कायरतापूर्ण आक्रमण पछि अपरेशन योजनाबद्ध तथा सफलतापूर्वक कार्यान्वयन गरिएको बताउनु भयो।

**अलिपुरद्वार जिल्ला शाखा**

अलिपुरद्वार जिल्ला शाखा स्टेट एग्रिकल्चर टेक्नोलोजिस्ट्स सर्भिस एसोसिएशन (साटसा) ले कालचिनी ब्लकको पानीझोडा किताब गाउँमा (बई ग्राम) सामाजिक दायित्व कार्यक्रम अन्तर्गत २० सेट कृषि पुस्तिका, प्रतिस्पर्धात्मक परीक्षाका

तयारी पुस्तक, पुस्तक राख्ने आलमारी र फुटबल वितरण गर्‍यो। कार्यक्रममा युवाबीच मैत्रीपूर्ण फुटबल खेल आयोजना गरिएको थियो जसमा सहभागीलाई जर्सी, ट्रफी र पदक प्रदान गरियो। जिल्ला परिषद् सभाधिपति स्निग्धा साइबो र राजाभातखावा ग्राम पञ्चायतका उपप्रधान पार्थ प्रतिम दत्ताको प्रमुख आतिथ्य औ साटसा अलिपुरद्वार प्रमुख अजीत रायलगायत अलिपुरद्वार महकुमा सहकृषि अधिकारी रजत च्याटर्जी, कालचिनी सहकृषि अधिकारी प्रबोध कुमार मण्डल एवम् अन्यान्यको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो।

**सीबीआईद्वारा नाबालिग उद्धार**

सीबीआईले पश्चिम बंगालको पूर्व बर्धमानबाट हराएकी एक 15 वर्षीया नाबालिगलाई राजस्थानको पालीबाट उद्धार गरेको छ। पीडिता 9 अगस्ट 2023 मा ट्यूशनका लागि घरबाट निस्केर गए पछि फर्किएकी थिइन। प्रारम्भिक अनुसन्धान स्थानीय पुलिस र पश्चिम बंगाल सीआईडीले गरे पनि पीडितकी आमाको याचिकापछि अदालतले 8 फरवरी 2024 मा सीबीआईलाई जिम्मा दियो। अनुसन्धानमा पालीमा रहेको एक घरबाट 8 अगस्टमा बालिकालाई उद्धार गरियो। विवाहका लागि उमेर बढाएर देखाइएकी पीडितलाई दुई पल्ट बेचिएको थियो। घटना ठूलो मानव तस्करी गिरोहसँग जोडिएको आशंका रहेको छ अनि यस मामिलामा पाँच जना पक्राउ परेका छन्।

**मिरिक-भारतीय गोर्खा परिसंघ**

मिरिकमा आज भारतीय गोर्खा परिसंघ अनि भारतीय गोर्खा जन आवाजको सन्युक्त आयोजनामा भूमि, जनगणना अनि बिशेष गहन पुनरीक्षण (एसआईआर) माथी जागरुकता एवं अन्तर क्रियात्मक कार्यक्रम सम्पन्न भयो।

*मिरिकको भुतपुर्व सैनिक भवनमा एलबी देवानको अध्यक्षतामा आयोजित कार्यक्रममा जनगणना बारे प्रकाश पार्नुहुदै भारतको जनगणना बिभागका अवकाशप्राप्त उपनिदेशक मोहन कुमार लावरले जनगणना बाटनै जातिको जनसंख्या, अनुसूचीत जाति, जनजाति, मातृभाषा, क्षेत्र आदि बारे सहि तथ्य संकलन गरिन्छ जसको आधारमा राजनैतिक, सामाजिक, तथा क्षेत्र बिकासका कार्यक्रमहरु तयार गरिने भएको कारण दार्जीलिङ क्षेत्रको लागि जनगणना अति महत्त्वपूर्ण भएको बताउनु भयो। भारतीय गोर्खा परिसंघ मिरिक क्षेत्र सयोजक जीवन कुमार राई द्वारा संचालित कार्यक्रममा ठेन्डुप शेर्पाले तत्कालीन दार्जिलिङ गोर्खा पार्वतीय परिषद अनि बर्तमान गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको अधिनियममा दार्जीलिङ पहाडमा जमिन बाडने अधिकार हुँदाहुँदै पनि किन लागू हुँदैन भन्ने बिषय बारे पश्चिम् बङ्गाल सरकारलाई पत्रचार गरिसकेको र उचित जवाब नआए आरटिआई गर्ने तथा जनताको हक र अधिकारको लागि उच्च न्यायालय सम्म जाने बताउनुभयो।*

**धार्मिक अल्पसङख्यक सभा**

धार्मिक अल्पसङख्यकहरूको निम्ति खरसाङ युनाईटेड क्रिशचियन माइनोरेटी वेलफेयर सोसाइटीको आयोजनामा आज खरसाङको गोर्खा जन पुस्तकालयको प्रेक्षा गृहमा सरकार द्वारा प्रदान गरिने विभिन्न योजनाहरू र सहुलियतहरू विषय जानकारी दिन जनचेतन कार्यक्रमको आयोजना गरियो। खरसाङ माइनोरेटी सोसाइटी द्वारा आमन्त्रित धार्मिक अल्पसङख्यकहरू क्रमैले ईसाई, मुस्लिम, बौद्ध धर्मावलम्बीहरूको व्यापक उपस्थिती रहेको थियो। संस्थाका उपाध्यक्ष पास्टर तिरस राईको अध्यक्षतामा सम्पन्न आजको जनचेतना कार्यक्रममा खरसाङ महकुमा कार्यलयका माइनोरेटी अधिकारी एच हुस्सेनले सरकारद्वारा प्रदान गरिने विभिन्न योजनाहरू विषय जानकारी गराउनु भयो साथै विधार्थीहरूलाई प्रदान गरिने विभिन्न छात्रवृत्तिए सार्वजनिक भवन-निर्माण, कबरस्थानको सुन्दरीकरण अदि विषय सरकार द्वारा प्रदान गरिने विभिन्न सहुलियतहरू विषय सबैलाई जानकारी गराइयो।

**अखिल भारतीय गोर्खा विद्यार्थी**

अखिल भारतीय गोर्खा विद्यार्थी महासंघ केन्द्रीय समितिले भाषा मान्यता दिवसलाई केन्द्र गरेर आयोजना गरेको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनस्तरीय अन्तर महाविद्यालय तर्क प्रतियोगिताको सेमीफाइनल आज दार्जीलिङको साउथफिल्ड

कलेजमा सम्पन्न भयो। जसमा 4 वटा कलेजले आफ्नो प्रस्तुति दिएका छन्। भाषा संरक्षणको दायित्व जनताको कि सरकारको शीर्षकमा भएको यस तर्क प्रतियोगिताको फाइनल आगामी 20 अगस्त भाषा मान्यता दिवसको अवसर पारेर गरिने तय भएको छ।

**सुकेपोखरीमा राखीबन्धन**

पश्चिम बंगाल सरकार र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको संयुक्त आयोजनामा राखीबन्धन उत्सव–२०२५ तथा सांस्कृतिक दिवस सुकेपोखरी युवक संघ भवनमा सम्पन्न भयो। कार्यक्रममा खण्ड पंचायत समितिकी सभापति सोना डोमा वाङ्दी डुक्पाको अध्यक्षतामा रहेको थियो भने जीटीए कार्यकारी सभासद उदय देवान तथा विभिन्न पंचायत प्रतिनिधि, शिक्षक–शिक्षिका, विद्यार्थी अनि स्थानीय समाजसेवीको उपस्थिति रहेको थियो।

**मौसम**

अलीपुर मौसम विभागले आगामी केही दिनमा उत्तर बंगालका दार्जिलिङ, कालिम्पोङ, अलीपुरद्वार, कूचबिहार, जलपाइगुडी तथा उत्तर दिनाजपुरमा भारीदेखि धेरै भारी वर्षा हुने पूर्वानुमान गरेको छ। दक्षिण बंगालमा हाल वर्षा कम भए पनि 13 अगस्टमा बंगालको खाडीमा निम्न दबाव बन्ने भएकाले वर्षा फेरि बढ्नेछ। जालहारीहरुलाई 13-14 अगस्टमा बंगालद–ओडिशा तटमा समुद्रमा नजान चेतावनी दिइएको छ। बांकुड़ाए, पश्चिम मेदिनीपुर, पुरुलिया, पश्चिम बर्दवान, बीरभूम, नदिया र मुर्शिदाबादका केही भागमा हल्का वर्षा सम्भावना छ।

****** ० ******